मिति २०७४ साल अषाढ २२ गते आइतवारका दिन श्रीमान प्रमुख जिल्ला अधिकारी सुनिल खनाल ज्यू को अध्यक्षतामा मालपोत ऐन २०३४ तथा नियमावली, २०३६ को नियम ५/ख बमोजिम आ.व. २०७४/०७५ का लागि मालपोत कार्यालय, मनाङको कार्यक्षेत्र भित्रको रजिष्ट्रेशन प्रयोजनका लागि न्यूनतम मूल्याङ्कन समितिको वसेको बैठकमा देहाय बमोजिमको उपस्थितिमा निम्न प्रस्ताव माथि छलफल भै तपसील अनुसारको न्यूनतम मूल्याङ्कन कायम गरी मिति २०७४ साल श्रावण १ गते देखि लागू गर्ने निर्णय गरियो ।

**उपस्थिति**

श्री सुनिल खनाल- प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, मनाङ .................. अध्यक्ष
श्री रामुराज कडरिया- स्थानीय विकासअधिकारी, जिल्ला विकास समितिको कार्यालय,मनाङ...... सदस्य
श्री दुर्ण प्रसाद फुयाल- कोष नियन्त्रक, कोष तथा लेखा नियन्त्रकको कार्यालय, मनाङ............ सदस्य
श्री जनक ब. भण्डारि- नापी अधिकृत, नापी कार्यालय, मनाङ..... .................................... सदस्य
श्री केयरसिं गुरुङ- का.मु.प्रवन्धक, नेपाल वैंक लि. मनाङ ............................................. सदस्य
श्री छिरिङ धोर्जे लामा- अध्यक्ष उद्योग वाणिज्य संघ, चामे, मनाङ ................................. सदस्य
श्री श्रीधर भुसाल - का.मु. मालपोत अधिकृत, मालपोत कार्यालय, मनाङ ...................सदस्य सचिव

**आमन्त्रितः**

श्री लोकेन्द्र वहादुर घले............अध्यक्ष, चामे गाँउपालिका, मनाङ
श्री कान्छा घले ..................... अध्यक्ष, नेस्याङ गाउँपालिका, मनाङ
श्री चन्द्र वाहादुर घले...............अध्यक्ष, नाशोङ गाउँपालिका, मनाङ
श्री मिङमार छिरिङ लामा...........अध्यक्ष, नारफु गाउँपालिका, मनाङ
श्री नरोत्तम पौडेल.................. सेनानी, केवल जंग गुल्म, मनाङ
श्री चित्र वहादुर गुरुङ............ प्र.ना.उ, जिल्ला प्रहरि कार्यालय, मनाङ
श्री सञ्जिव चौधरी ................ अनुसन्धान अधिकृत, राष्ट्रिय अनुसान्धान कार्यालय, मनाङ
श्री धिरेन्द्र राज पन्त................. स.प्र.जि.अ., जिल्ला प्रशासन कार्यालय, मनाङ्
श्री ईश्वर पौडेल ............. मालपोत कार्यालय, मनाङ
श्री ब्रह्मदेव साह ................ मालपोत कार्यालय, मनाङ
श्री सन्तोष आचार्य.............. मालपोत कार्यालय, मनाङ
श्री रण वहादुर गुरुङ............. मालपोत कार्यालय
श्री नारायण प्रसाद अर्याल ..... मालपोत कार्यालय
श्री बले किजिम मगर............ मालपोत कार्यालय

## निर्णय नं. १

मालपोत कार्यालय मनाङको कार्य क्षेत्र अन्तर्गत रजिष्ट्रेशन प्रयोजनका लागि आर्थिक बर्ष २०७४/०७५ को न्यूनतम मूल्याङ्कन विवरण देहाय बमोजिम कायम गर्ने निर्णय गरीयो ।

प्रति रोपनी न्यूनतम मूल्य रु.

| सि. नं. | साविक गा.वि.स./ वडा | बाटोले नछोएको | | बाटोले छोएको | | | |
|---|---|---|---|---|---|---|---|
| | | चाहार | पाँचौ | गोरेटो बाटो | | मूल मोटर बाटो | सहायक मोटर बाटो |
| | | | | चाहार | पाँचौ | | |
| १ | धारापानी १-९<br>हाल नासोङ गा.पा. | ७०,०००।- | ५०,०००।- | ८०,०००।- | ६०,०००।- | ४,००,०००।- | ३,००,०००।- |
| २ | थोचे १-९<br>हाल नासोङ गा.पा. | ६५,०००।- | ४५,०००।- | १,७५,०००।- | १,३०,०००।- | - | २,४०,०००।- |
| ३ | ताचै वगरछाप<br>१-९<br>हाल नासोङ गा.पा. | ७०,०००।- | ५०,०००।- | ८०,०००।- | ६०,०००।- | ४,००,०००।- | ३,००,०००।- |
| ४ | चामे १-९<br>हाल चामे गा.पा. | १,००,०००।- | ८०,०००।- | १,८०,०००।- | १,७५,०००।- | ११,००,०००।- | ७,५०,०००।- |
| ५ | पिसाङ १-९<br>हाल नेस्याङ गा.पा. | ७०,०००।- | ५०,०००।- | ८०,०००।- | ६०,०००।- | ४,००,०००।- | ३,००,०००।- |
| ६ | भ्राका १-९<br>हाल नेस्याङ गा.पा. | ७०,०००।- | ५०,०००।- | ८०,०००।- | ६०,०००।- | ४,००,०००।- | ३,००,०००।- |
| ७ | टंकी मनाङ १-९<br>हाल नेस्याङ गा.पा. | ६०,०००।- | ५५,०००।- | ८०,०००।- | ६०,०००।- | ३,००,०००।- | २,००,०००।- |
| ८ | घ्यारु/ङावल १-५<br>हाल नेस्याङ गा.पा. | ४०,०००।- | ३८,०००।- | ५०,०००।- | ४५,०००।- | - | १,००,०००।- |
| ९ | घ्यारु/ङावल<br>६-९<br>हाल नेस्याङ गा.पा. | ७०,०००।- | ५०,०००।- | ८०,०००।- | ६०,०००।- | - | २,००,०००।- |
| १० | मनाङ १-९<br>हाल नेस्याङ गा.पा. | ८०,०००।- | ६०,०००।- | ९०,०००।- | ८०,०००।- | ५,००,०००।- | ३,५०,०००।- |
| ११ | खाङसार १-९<br>हाल नेस्याङ गा.पा. | ४०,०००।- | ३५,०००।- | ५०,०००।- | ४५,०००।- | १,५०,०००।- | १,००,०००।- |
| १२ | नार १-९<br>हाल नारफु गा.पा. | २५,०००।- | २२,०००।- | ३०,०००।- | २५,०००।- | - | - |
| १३ | फु १-९<br>हाल नारफु गा.पा. | २०,०००।- | १८,०००।- | २५,०००।- | २०,०००।- | - | - |

**निर्णय नं. २**

यस जिल्ला भरका सबै गाउपालिकाका वडाहरुमा निर्माणाधिन र निर्माण भै सकेका घरहरुको रजिष्ट्रेशन लिखत पारित प्रयोजनका लागि देहाय बमोजिमको मूल्याङ्कनमा नघट्ने गरी वडा समितिको सिफारिसमा उल्लेखित मूल्य कायम गर्ने निर्णय गरियो ।

**तपसील**

क) पक्की घर ३ तलाको रु. १२,००,०००।- ( रु. बाह्र लाख)

ख) पक्की घर २ तलाको रु. ९,००,०००।- (रु. नौ लाख)

ग) पक्की घर १ तलाको रु. ६,०००००।- (रु. छ लाख)

घ) कच्ची घरको रु. १,५०,०००।- (एकलाख पचास हजार)

**निर्णय नं. ३**

मालपोत कार्यालयमा लिखत रजिष्ट्रेशनका लागि कागजात पेश हुँदा बेशिसहर चामे सडक र चामे-मनाङ सडक सँग जोडिएका कित्ता जग्गाहरुलाई मूल मोटर बाटोले छोएको र मूल मोटर बाटो बाट सहायक मोटर बाटो गएको कित्ता सँग जोडिएका जग्गाहरुलाई सहायक मोटर बाटोसँग जोडिएको साथै घर भए नभएको घर भएमा घरको प्रकार र न्यूनतम मूल्यमा नघट्ने गरी घरको मूल्य समेत उल्लेख हुने गरी घर बाटो सिफारिस गरिदिन सबै गाउपालिका मार्फत वडा कार्यालयहरुलाई जानकारी गराउने निर्णय गरियो ।

**निर्णय नं. ४**

वडा कार्यालयबाट सिफारिस भै आएको घर बाटोको सम्बन्धमा लिखत पारित हुनु अगावै कुनै सूचनाद्धारा सिफारिस बेमुनासिव छ भन्ने सिकायत प्राप्त भएमा कार्यालयबाट फिल्ड निरिक्षण गरी मूल्याङ्कन कायम गर्न सकिने निर्णय गरियो ।

**निर्णय नं. ५**

लिखतमा घर नखुलाई पारितबाट पछि घर थियो भनी मालपोत कार्यालयमा दाबी गर्न पाइने छैन । लिखतमा घर छिपाई पारित भएको ठहरेमा सम्बन्धीत पक्ष (धनी) बाट घरको मूल्याङ्कन अनुसारको राजस्व आर्थिक ऐनले तोकेको थप जरीवाना र घर कायमको दस्तुर समेत असुल गरी घर कायम गरिने निर्णय गरियो ।

**निर्णय नं. ६**

वडा कार्यालयबाट प्राप्त हुने घरबाटोको सिफारिसमा राजकुलो, खहरे, खोलाबाटो उल्लेख भई आएमा गोरेटो बाटो सरहको मूल्याङ्कन कायम गरिने छ ।

एउटै कित्ताबाट कित्ताकाट भई विभिन्न कित्ता कायम गरि खरिद विक्रि गर्दा मुल कित्ताको मूल्याङ्कनलाई आधार लिई सोही अनुसार मुल्याङ्कन कायम गरिने निर्णय गरियो ।

**निर्णय नं. ७**

वडा कार्यालयबाट प्राप्त हुने घरबाटोको सिफारिस राजस्व असुलीसँग सरोकार राख्ने हुँदा सम्बन्धीत निकायबाट प्राप्त सिफारिसमा घर बाटोको ब्यहोरा फरक पर्न गई नेपाल सरकारलाई प्राप्त हुने राजस्व कम हुन गएमा सम्बन्धीत सिफारिस कर्ता एवं कारिणीहरु जिम्मेवार वा जवाफदेही हुनु पर्ने छ भनि निर्णय गरियो ।